# सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना**ः प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने कार्यलाई व्यवस्थित गर्नवाञ्छनीय भएकाले,

वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन,२०७५ को दफा ७ को उपदफा(२)को प्रयोजनको लागि सोही ऐनकोदफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार(मन्त्रिपरिषद्)ले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "सुदूरपश्चिमप्रदेशविशेष अनुदान सम्बन्धीकार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन,२०७५सम्झनुपर्छ।

(ख) "प्रदेश"भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय"भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनुपर्छ।

(घ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई धनजनको क्षति र जीवनयापन तथा वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "स्थानीय तह"भन्नाले गाउँपालिकावानगरपालिकावाउपमहानगरपालिका सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना तथा कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

(ज) "योजना आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(झ) "सम्बन्धित मन्त्रालय" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमका आयोजना तथा कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्रर आधारः**(१)प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालित कुनै खास आयोजना तथा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औसतभन्दा न्यून भएकाक्षेत्रको शैक्षिक विकासका लागि सञ्चालन गरिने विशेष शैक्षिक कार्यक्रम,शैक्षिक गुणस्तर सुधार (शैक्षिक पठनपाठनमा डिजिटलाइजेशन, विद्युतीय अनुगमन प्रणाली निर्माण, पुस्तकालय,इ-कक्षा सञ्चालन रअतिरिक्त शैक्षिक कार्यक्रम) सम्बन्धी कार्यक्रम वा आयोजना,

(ख) बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरूमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवासम्बन्धी विशेष आयोजना तथा कार्यक्रम,

(ग) दुर्गम तथा आर्थिक रूपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइसुविधा उपलब्ध गराउने विशेष आयोजना तथा कार्यक्रम,

(घ) खाद्यान्न उत्पादन न्यून भएको क्षेत्रमाखाद्य सुरक्षाको जोखिममा रहेको क्षेत्रमाखाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना तथा कार्यक्रम,

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने शिक्षा, स्वास्थ्य तथा खानेपानी र पोषण जस्ता आधारभूत सेवा आपूर्ति सम्बन्धी आयोजना तथा कार्यक्रम,

(च) कुनै अल्पसंख्यक सीमान्तकृत वर्ग, दुर्गम वा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकासका लागि लक्षित गरी सञ्चालन गरिने कुनै आयोजना तथा कार्यक्रम,

(छ) स्थानीय तहबिच भौतिक तथा मानवीय विकासका दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(ज) आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना तथा कार्यक्रम,

(झ) दुर्गम तथा आर्थिक रूपले पिछडिएका क्षेत्रमा विकासको सन्तुलन कायम गर्ने आयोजना वा परियोजना वा कार्यक्रम,

(ञ) समाजमा शान्ति सुव्यवस्था, अमनचयन, अनुशासन, सदाचार र नैतिकता, मनोपरामर्श, सकारात्मक सोच, कानुनी सचेतना तथा सुधार र सामाजिक सचेतना अभिवृद्धि गराउन सहयोग पुग्ने कार्यक्रम।

(२) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने उपदफा (१) बमोजिमकाआयोजना तथा कार्यक्रमको लागि देहायका आधारमा विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारले कार्यान्वयन गर्ने वा स्थानीय तहले आफ्नै वा अन्यस्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमसँग दोहोरो परे नपरेको,

(ख) आयोजना तथा कार्यक्रमको सम्भाव्यता, लागत अनुमान, आयोजना कार्यान्वयन पश्चात्प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभको अवस्था,

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सामाजिक, आर्थिक अवस्था, स्रोत परिचालन गर्न सक्ने भौतिक तथा वित्तीय क्षमता,

(घ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता तथा प्राथमिकता,

(ङ) कुनै विपद् वा मानवीय कारणबाट राज्यले कुनै क्षेत्रमा पुनर्स्थापना, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने भएमा सो कुरा,

(च) मन्त्रालय वा योजना आयोगले आवश्यक ठानेका अन्य उपयुक्त आधार।

४. <u>विशेष अनुदान माग गर्ने :</u>(१) योजना आयोगले प्रत्येक वर्ष फागुन मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

तर आर्थिक वर्ष २०७९/८० को हकमा २०७९ साल चैत्र पाँच गतेभित्र सूचना प्रकाशन गर्नुपर्ने छ।

(२) स्थानीय तहले विशेष अनुदानमाआयोजना तथा कार्यक्रम सञ्चालन गर्न अनुदान माग गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी योजना आयोग समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना तथा कार्यक्रमको प्रस्ताव तयार गर्दा हाल सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र योजना आयोग समक्ष प्रत्येक स्थानीय तहले बढीमा तीन वटा प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सूचना जारी भएपछि स्थानीय तहले विशेष अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम सम्बन्धी प्रस्ताव योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत पेस गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम पेस गरिने प्रस्तावमा देहायका विषयहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रम सञ्चालन गनुपर्ने आवश्यकता वा प्राथमिकताको पुष्ट्याइँ,

(ख) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रमको कुल लागत,

(घ) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(ङ) आयोजना तथा कार्यक्रमसञ्चालन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना तथा कार्यक्रमको ड्रइङ्, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(छ) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना तथा कार्यक्रमको प्रचलित कानुन बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(झ) एक आर्थिक वर्षभन्दा बढी अवधिकोआयोजना तथा कार्यक्रम भएमा प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ञ) समय समयमा योजना आयोगले तोकेका अन्य विवरण।

(६) स्थानीय तहले क्रमागत आयोजना तथा कार्यक्रमको लागि विशेष अनुदान माग गर्दा प्रत्येक आर्थिक वर्षको लागि पुनः बजेट माग गर्नु पर्नेछ।

(७) स्थानीय तहले क्रमागत आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क,हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति एवम् उपलब्धि तथा लाभ भएमा सो सम्बन्धी विवरण योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(८) विशेष अनुदानबाट सञ्चालन हुने क्रमागत आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवधि बढीमा तीन वर्षको हुनु पर्नेछ।

५. <u>आयोजना कार्यक्रम छनौट समितिः</u> (१) दफा ४ बमोजिम विशेष अनुदानबाट कार्यक्रम सञ्चालन गर्न प्रस्ताव भई आएमा त्यस्तो आयोजना तथा कार्यक्रमको सम्बन्धमा आवश्यक छानबिन तथा सिफारिस गरी बजेट तथा कार्यक्रममा समावेश गर्न योजना आयोगमा देहाय बमोजिमको एकआयोजना छनौट समिति रहनेछः-

(क) योजना आयोगको उपाध्यक्ष -संयोजक

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय - सदस्य

(ङ) सचिव, योजना आयोग -सदस्य सचिव

(२)समितिले आयोजना तथा कार्यक्रम छनौट गर्दा दफा ३ बमोजिम छनौट गर्नु पर्नेछ ।

(३) समितिले आगामी वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रम चालु आर्थिक वर्षको वैशाख मसान्तभित्र छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आयोजना तथा कार्यक्रम छनौट भइसकेपछि योजना आयोगले त्यसरी छनौट भएका स्थानीय तहका आयोजना तथा कार्यक्रमको विवरणसहितको जानकारी जेठ पन्ध्र गतेभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) मन्त्रालयले स्थानीय तहबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको विवरणप्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआइएस) मा र सम्बन्धित स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(६) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेस भएपछि योजना आयोगले विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको विवरण वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

६. <u>प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्ने:</u> (१) समितिले छनौट गरेका आयोजना तथा कार्यक्रम सञ्चालनको लागि त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागत, आयोजना तथा कार्यक्रमको प्रकृति, आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धि, आयोजना तथा कार्यक्रमको दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेटको सीमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ ।

(३) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना तथा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा चौमासिक रूपमा अनुदान रकम उपलब्ध गराउनेछ।

(४) स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र त्यस्तो आयोजना तथा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

७. <u>विशेष अनुदान प्रदान नगरिने:</u>यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारलेदेहायका विषय वा प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलब्ध गराउने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पूरा हुने प्रकृतिका योजना तथा कार्यक्रम,

(ख) तलब,भत्ता,मसलन्द, बैठक, गोष्ठी, सेमिनार लगायतका चालु खर्च तथा ऋण भुक्तानीका आयोजना तथा कार्यक्रम,

(ग) सीमित वर्गलाईव्यक्तिगत तथा पारिवारिक रूपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने खालको योजना तथा कार्यक्रम,

(छ) कुल लागतपच्चिस लाख रुपैयाँभन्दा कमका आयोजना तथा कार्यक्रम,

(ज) गाउँपालिकाको हकमा पचास लाख रुपैयाँ,नगरपालिकाको हकमा सत्तरी लाख रुपैयाँ र उपमहानगरपालिकाको हकमा एक करोड रुपैयाँभन्दा बढी कुल लागत भएको आयोजना तथा कार्यक्रम।

८. <u>अनुदान रकम निकासा तथा खर्च प्रक्रिया:</u> (१) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सो आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२)विशेष अनुदानको आयोजना तथा कार्यक्रम प्रचलित खरिद कानुन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(३) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) स्थानीय तहले विशेष अनुदान बापत प्राप्त गरेको रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाइ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको अधीनमा रही मितव्ययी एवम् पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंकिङ्ग प्रणालीमार्फत गर्नु पर्नेछ।

(५) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।

९. <u>तोकिएको अवधिभित्रआयोजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने:</u> स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकेको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र आयोजना तथा, कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१०. <u>आयोजना तथा कार्यक्रम हेरफेर गर्न नहुने:</u> विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनौट भएको आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेट रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न,आयोजना तथा कार्यक्रमको नाम, क्रियाकलाप,आयोजनास्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न वा आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवधि हेरफेर गर्न पाइने छैन।

११. <u>मन्त्रालयले निर्देशन दिन सक्ने:</u> विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्यसम्पन्न हुने नदेखिएमा वा कुनै कारणलेआयोजना तथा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।

१२. **<u>अनुगमन तथा प्रतिवेदनः</u>** (१) विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) आयोजना तथा कार्यक्रम सञ्चालित वडाको वडाध्यक्ष - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित विषयको एकजना प्राविधिक कर्मचारी वा विषय विशेषज्ञलाई अनिवार्य रूपमा सहभागी गराउनु पर्नेछ।

(३)विशेष अनुदानबाट स्थानीय तहले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक, पारदर्शी किसिमले र तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय वा योजना आयोग र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ।

(४)उपदफा (१) बमोजिमको समितिले कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाइ मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी मन्त्रालय, योजना आयोग, सम्बन्धित मन्त्रालय र सम्बन्धित जिल्लाको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामापेस गर्नु पर्नेछ।

१३. **<u>अनुदान कट्टा तथा रोक्का गरिनेः</u>** (१) विशेष अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रममा लक्षित उद्देश्य अनुरूप कार्यप्रगति हुन नसकेमा वा मन्त्रालयले दफा १० बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा प्रदेश सरकारले त्यस्तो आयोजना तथा कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने विशेष अनुदान रकमबाट कट्टा तथा रोक्का गर्न सक्नेछ|

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा ११ बमोजिमको अनुगमन तथा प्रगति प्रतिवेदन पेस गरेमा, तोकेको समयमा कार्यसम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१४. **<u>आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारीः</u>** विशेष अनुदानबाट सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना तथा कार्यक्रमको सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व बहन गर्ने छैन ।

१५. **<u>खारेजीर बचाउः</u>** (१)प्रदेश विशेष अनुदान सम्बन्धीकार्यविधि, २०७५खारेज गरिएको छ ।

(२) उपदफा (१)को कार्यविधि अनुसारभए गरेका काम कारबाही यसै कार्यविधि बमोजिमभए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ४ कोउपदफा (२) सँग सम्बन्धित)

<u>विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रमपेस गर्ने प्रस्तावको ढाँचा</u>

१. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने स्थानीय तहको नाम :

२. ठेगानाः

३. फोन/फ्याक्स/इमेल :

४. कार्यक्रम वा आयोजनाको नाम :

५. आयोजना तथा कार्यक्रमको कुल लागत:

६. आयोजना तथा कार्यक्रमबाट लाभान्वित संभाव्य जनसंख्याः

७. आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :

संलग्नगरी पेस गर्नुपर्ने आवश्यक कागजातः

(क) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ख) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(घ) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) आयोजना तथा कार्यक्रम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(च) मन्त्रालयर योजना आयोगले तोकेका अन्य विवरण एवम् कागजात,

प्रमुख प्रशासकीय अधिकृतको नामः

दस्तखत :

पद :

मिति :

अनुसूची-२

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नंः

| क.सं | आयोजना तथा कार्यक्रमको नाम | आयोजना तथा कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ......अवधिको लक्ष्य | | ....अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

पेस गर्नेः प्रमाणित गर्नेः

मितिः मितिः